नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# बाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाडौ, नेपाल

## विद्युतीय व्यापार (E-commerce) मार्फत आफ्ना वस्तु तथा सेवा विक्रि गर्ने व्यवसायीहरुमा वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागको व्यवसाय सूचीकृत गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

सूचना प्रविधिको माध्यम बाट हुने वस्तु तथा सेवाको व्यापारिक कारोवारलाई नियमन गरी व्यवस्थित र विश्वसनिय बनाउन विद्युतीय व्यापार (ई-कमर्स) ऐन २०८१ मिति २०८१ चैत्र ३ गते नेपाल राजपत्रमा प्रकाशन भई २०८२ वैशाख २ गते देखि लागू भएको छ। यस ऐन बमोजिम ऐन लागू हुनुभन्दा पहिला देखि विद्युतीय व्यापार गरिरहेका व्यवसायीहरू यो ऐन लागू भएको मितिले तीन महिना भित्र वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागको विद्युतीय व्यापार पोर्टलमा अनिवार्य रुपमा सूचीकृत हुनुपर्ने र नयाँ व्यवसायीले अनिवार्य रुपमा सूचीकृत गरेर मात्र व्यवसाय गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ। विद्युतीय व्यापार गरिरहेका र नयाँ शुरुवात गर्ने व्यवसायीले ऐनको दफा ४ को उपदफा (२) बमोजिमका विवरणहरू भएको आफ्नो विद्युतीय प्लेटफर्म तयार गरी सोही ऐनको दफा ५ बमोजिमका कागजातको विद्युतीय प्रति सहित यस विभागको पोर्टलमा सूचीकृत हुनको लागि विद्युतीय निवेदन पेश गर्नुहुन अनुरोध गरिएको छ।

**विद्युतीय प्लेटफर्ममा उल्लेख गर्नुपर्ने विवरण:**

१. विद्युतीय प्लेटफर्मको नाम
२. व्यवसायको नाम, ठेगाना, दर्ता भएको निकाय र दर्ता प्रमाण-पत्र नम्बर
३. व्यवसायीको रजिस्टर्ड कार्यालय, प्रधान कार्यालय र कारोवार हुने शाखा तथा आउटलेट भए सो समेतको विवरण
४. कुनै खास किसिमको व्यवसाय सञ्चालन गर्न छुट्टै अनुमति प्राप्त गरेको भए सोको विवरण
५. मध्यस्थ वा सूचीमा आधारित व्यापार मध्ये कुन व्यवसाय गर्ने हो सोको विवरण
६. मूल्य अभिवृद्धि कर दर्ता नम्बर वा स्थायी लेखा नम्बर
७. व्यवसायीलाई सम्पर्क गर्ने, ई-मेल, टेलीफोन, मोबाईल नं., टेलिफ्याक्स, सामाजिक सञ्जालको ठेगाना (लिङ्क) र ग्राहक सेवाको लागि निर्धारीत ई-मेल, टेलिफोन तथा मोबाईल नम्बर
८. गुनासो सुनुवाई गर्ने जिम्मेवार व्यक्ति वा गुनासो एकाईको ई-मेल, टेलिफोन वा मोबाईल नं. र ठेगाना
९. विद्युतीय व्यापार पोर्टलमा सुचिकृत भए पछि प्राप्त सुचीकरण नं.

**विद्युतीय व्यापार पोर्टलमा सुचिकरण हुन आवश्यक पर्ने कागजातहरू:**

१. व्यवसायको नाम ठेगाना दर्ता भएको निकाय दर्ता प्रमाणपत्र नम्बर
२. प्राइभेट फर्ममा दर्ता भएको फर्मको व्यवसायीको हकमा सम्बन्धित प्रोप्राइटरको साझेदारी फर्ममा दर्ता भएको व्यवसायीको हकमा साझेदारको र कम्पनी वा संस्थाको हकमा कम्पनी वा संस्थाको सञ्चालकको नाम र निजको पहिचान खुल्ने विवरण
३. व्यवसायीको आफ्नो व्यवसायको स्पष्ट विवरण
४. मूल्य अभिवृद्धि कर नम्बर वा स्थायी लेखा नम्बर
५. व्यवसायीको टेलिफोन नम्बर, ईमेल सामाजिक सञ्जालको ठेगाना (लिङ्क) र सम्पर्क ठेगाना
६. शाखा वा आउटलेट भएको खण्डमा सोको सङ्ख्या र रहने स्थान
७. विद्युतीय पोर्टलमा उल्लेख भएका अन्य विवरण

**नोट :-**

१. हाल विद्युतीय व्यापार गरी रहेका व्यवसायीहरुले ऐनको व्यवस्था बमोजिम मिति २०८२/०४/०२ गते भित्र अनिवार्य रूपमा सूचीकरण गर्नको लागि निवेदन पेश गर्नुहुन।
२. विद्युतीय व्यापार (ई-कमर्स) ऐन २०८१ र विद्युतीय व्यापार पोर्टल सञ्चालन गर्ने तरिका (Manual) यस बिभागको Website :- doc.gov.np मा रहेको छ।